सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

## चौथो त्रैमासिक/बार्षिक अवधिको (स्वतःप्रकाशन

# आ.व.२०८२/०८३

## (२०८३ साल, चौथो त्रैमासिक/बार्षिक अवधिसम्म)

# सम्पादित प्रमुख क्रियाकलापहरूको विवरण

नेपाल सरकार

कृषि वन, तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम

## कार्यक्रम कार्यान्वयन एकाइ

ओखलढुङ्गा

कार्यक्षेत्र : ओखलढुंगा र सोलुखुम्बु

# स्वतः प्रकाशन

**(Proactive Disclours)**

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षकहरू उल्लेख गरिएका छन्। यस प्रकाशनमा यस कार्यक्रम कार्यान्वयन एकाइ ओखलढुङ्गाको आ.व. २०८२।८३ को चौथो त्रैमासिक/बार्षिक अवधि सम्ममा सम्पादित प्रमुख कार्यहरू समावेश गरिएको छ ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
**कार्यक्रम कार्यान्वयन एकाइ**
ओखलढुङ्गा
मितिः २०८३/०४/११

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

# बिषय सूची


१. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम.................................................4

१.१ परिचय .................................................4

१.२ कार्यक्रमको सोच, लक्ष्य, उद्देश्य .................................................4

१.३ कार्यक्रम सन्चालनको अवधारणाः .................................................5

१.४ कार्यक्रमको रणनीति .................................................5

१.५ कार्यक्रमका सम्भागहरुः .................................................5

१.६. कार्यक्रम सम्भागहरु बिच अन्तरसम्बन्ध.................................................6

१.७ कार्यक्रम दस्तावेजमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम .................................................7

१.८ जोन सम्भागको मुख्य विशेषताहरु.................................................7

१.९ कृषि विकास रणनीति र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम बिच अन्तरसम्बन्ध .................................................8

१.१० सौहो योजना र कार्यक्रम .................................................8

२. कार्यक्रम कार्यान्वयन एकाइ ओखलढुंङ्गा .................................................9

२.१ परिचय .................................................9

२.२ कृषकहरुको आयस्तर अभिबृद्धि गर्न जोन कार्यक्रमकाका उद्देश्यहरु .................................................9

२.३. जोन कार्यालयबाट पाइने सेवा सुविधाहरुको विवरण.................................................9

२.४ जोनहरुको संक्षिप्त परिचय.................................................10

२.५ आ.व.०८२/०८३ सम्म सुचिकृत लाभग्राहीहरुको विवरण .................................................11

२.६ कार्यक्रम कार्यान्वयन एकाइको दरबन्दी विवरण.................................................11

2.7. हाल कार्यरत कर्मचारीहरुको विवरण .................................................12

३.१ आ.व. २०८२/83 को चौथो त्रैमासिक भारित प्रगति विवरण.................................................13

३.२ आ.व. २०८२/83 को चौथो त्रैमासिक बित्तिय प्रगति विवरण (बजेट रु.लाखमा) .................................................13

३.३ आ.व.२०८२/८३ को बार्षिक भारित प्रगति विवरण.................................................13

३.४ आ.व.२०८२/८३ को बार्षिक अवधिको वित्तिय प्रगति विवरण.................................................13

३.5 आ.व.२०८२।०८३ को बार्षिक अवधिसम्म सम्पन्न भएको मुख्य मुख्य कार्यक्रमहरू.................................................14-16

३.६ लाभान्वित जनसंख्या (आ.व.२०८२/०८३).....17

३.७ आ.व.२०८२/८३ को रोजगारी सृजना.....17

३.८ जिल्ला प्राथामिकताका बाली वस्तुहरुः.....18

३.९ जिल्ला प्राथामिकताका बाली वस्तुहरुको जिल्लाबाट बाहिर गएको अवस्था परिमाण र मूल्य.....18

३.१० जोन तथा सुपरजोन अन्तर्गतका बाली वस्तुको उत्पादकत्वको अवस्था.....18

४. सूचना अधिकारी र प्रमुखको नाम र पद.....19

५. कार्यालय सम्बन्धी सुचना सम्प्रेशण.....19

६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख.....19

७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि.....19

८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी.....19-20

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्रः- ओखलढुंगा र सोलुखुम्बु)

# १. राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

## १.१ परिचय

करिब ६०.४ प्रतिशत जनशक्ति क्रियाशिल रहेको तथा राष्ट्रको अर्थतन्त्रको मेरुदण्ड रहेको नेपालको कृषि क्षेत्रमा सिमान्तकृत कृषक तथा निर्वाहमुखि कृषि प्रणालिको बाहुल्यता, तीव्र गतिमा बढेको अव्यवस्थित सहरीहरणबाट कृषि योग्य उर्वर भूमिको भौतिक संरचनामा रुपान्तरण तथा जमिनको बढ्दो खण्डिकरण, सकृय जनशक्तिको पलायन, कृषि क्षेत्रमा बढ्दो उत्पादन लागत, बाली विवधिकरण, प्रतिस्पर्धी क्षमता तथा कृषि उपजको बजारीकरण तथा बजारमुखि उत्पादन आदि नेपालको कृषि क्षेत्रका मुख्य चुनौतीहरु रहेको अवस्थामा नेपालले अन्तराष्ट्रिय समुदायमा गरेका सन्धी सम्झौता दीगो विकास लक्ष्य २०३० तथा राष्ट्रिय नीतिहरुलाई समेतलाई मध्य नजर गर्दै कृषि उत्पादनलाई प्रतिस्पर्धात्मक, व्यवसायीकरण गर्दै औद्योगिकरणको जग बसाल्न तथा रोजगारीको सृजना, खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन कृषि पेशामा युवा आकर्षण बढाइ सम्मानित पेशा बनाइ कृषि क्षेत्रको आधुनीकिकरण मार्फत राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन अपरिहार्य छ ।यीनै आवश्यकतालाई मुर्त रुप दिन कृषि उत्पादनका आवश्यक प्रविधि तथा सामाग्रीको व्यवस्था, कृषि उत्पादनमा यान्त्रीकरण तथा प्रशोधन, बजरीकरणमा पूर्वाधारको व्यवस्था जस्ता कृषि क्षेत्रको आधुनिकीकरण मार्फत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बृद्धि गराउने मार्गचित्र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले देखेको छ । स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट तयार भएको एवं दीगो आत्मनिर्भर एवं व्यावसायिक कृषि क्षेत्रको परिकल्पना सहित कृषि विकासको २० वर्षे रणनीती (ADS) (२०१५-२०३५) कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा नेपाल सरकारले २०७३ श्रावण–२०८३ असार(१० बर्ष) को लागि "राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम" को शुरुवात गरेको हो ।

## १.२ कार्यक्रमको सोच, लक्ष्य, उद्देश्य

सोच

- कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

लक्ष्य

- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने ।

उद्देश्य

- प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने
- निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषि लाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने, र
- बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

## १.३ कार्यक्रम सन्चालनको अवधारणाः

- कृषियोग्य जमिनको चकलाबन्दी
- बिशिष्टिकृत व्यावसायीकरण
- उन्नत प्रबिधि र गुणस्तरिय पुर्वाधार विकास
- अन्तराष्ट्रिय रुपमा वजारमा प्रतिस्पर्धिकृषि र औद्योगीकरण
- उपलब्धीमा आधारित सहजिकरण (Smart Output based Facilitation)

## १.४ कार्यक्रमको रणनीति

१. भूमिको बैज्ञानिक उपयोग
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्बन
३. कृषिमा यान्त्रीकरण
४. कृषि उपजहरुको प्रशोधनतथा बजारीकरण पूर्वाधारहरुको विकास
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवं आधुनिकीकरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि
८. वातावरण परिवर्तन अनुकुलीत कृषि प्रणाली अवलम्बन

## १.५ कार्यक्रमका सम्भागहरुः

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम
- व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम
- वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्यागिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम

## १.६. कार्यक्रम सम्भागहरु बिच अन्तरसम्बन्ध

यस कार्यक्रममा रहेका सम्भागहरुमा उत्पादन बृद्धि तर्फ पकेट इकाई, व्यवसायिक उत्पादनका लागि ब्लक इकाई, मूल्य अभिबृद्धि र बजारीकरणका संरचना सहितको उत्पादन क्षेत्रलाई जोन इकाई र कृषिजन्य उद्योग सहितको विशेष उत्पादन क्षेत्रलाई सुपरजोन इकाईको रुपमा रहेका छन् । बाली/वस्तु विशेषका पकेट तथा ब्लकहरुबाट उत्पादित उत्पादन सोही बाली/वस्तुका जोन/सुपरजोनमा रहने कृषि बजार एवं प्रशोधन उद्योगको लागि कृषि उपज तथा कच्चा पदार्थको रुपमा कार्य गर्ने तथा यसबाट बजारमुखि उत्पादन गर्न पकेट तथा ब्लकलाई प्रोत्साहन मिल्ने हुँदा दोहोरो अन्तरसम्बन्ध रहन्छ ।

यस कार्यक्रमका सम्भागहरुमा समावेश नभएका कृषकहरुले समेत यस्ता सम्भागहरुमा विकास भएका प्रविधिको अवलम्बन गरी लाभ लिन सक्नेछन तथा यस्ता कृषकहरुबाट अन्य कृषकहरुले तथा समग्र क्षेत्रले लाभ लिइ कार्यक्रमको spillover effect मार्फत आर्थिक समृद्धिको ढोका खुल्ने छ। कार्यक्रमका बिभिन्न सम्भागहरुबिचको कार्यमूलक अन्तरसम्बन्ध तल दिइएको छ ।

Bautal

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ

हेर बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

## कार्यक्रम सम्भागहरु बीचको कार्यमूलक अन्तरसम्बन्ध

### सुपरजोन

- औद्यौगिक कार्यः अन्तिम रुपमा उपभोग्य वस्तुको उत्पादन
- अनुसन्धान कार्यः नव प्रवर्द्धन तथा अनुसन्धान
- शैक्षिक कार्यः मानव संशाधन विकास
- वजारीकरण कार्यः प्रशोधित उपजको बजारीकरण
- नियामक कार्यः गुणस्तर नियन्त्रण र अनुसन्धान

### जोन

- बजारीकरण कार्यः कृषि उद्योगजन्य उद्योगका लागि आवश्यक कच्चा पदार्थको बजारीकरण
- प्रशोधन कार्यः उद्योग संचालनका लागि आवश्यक कच्चा पदार्थ उत्पादनका लागि प्रथमिक प्रशोधन
- भण्डारण कार्यः संकलन
- श्रोत केन्द्र विकास कार्यः उत्पादन सामग्री उत्पादन

### ब्लक

- उद्यम विकास कार्यः फर्म रजिष्ट्रेशन तथा कृषि व्यवसाय विकास
- वृद्धि प्रबर्द्धन कार्यः उत्पादकत्व अभिवृद्धि
- मानव श्रोत साधन व्यवस्थापन कार्यः कृषि उद्यम विकास
- प्रदर्शन तथा प्रविधि हस्तान्तरण कार्यः सहभागितात्मक व्यवसायिक उत्पादन प्रदर्शन

### पकेट

- उत्पादन कार्यः कृषि वस्तुहरुको प्राथमिक उत्पादन
- प्रविधि प्रसार कार्यः नविनतम कृषि प्रविधिको प्रसार

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन इकाई
ओखलढुंगा
(कार्यक्षेत्रः- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

## १.७ कार्यक्रम दस्तावेजमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम

राष्ट्रिय प्राथमिकता र स्थानिय सभ्यताका आधारमा तोकिएको पूर्वाधार हरु भएको र तोकिएको बाली/वस्तुमा न्यूनतम ५०० हेक्टरमा संञ्चालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्रका रुपमा जोनहरु रहेछन् । कृषि क्षेत्रको आधुनिकरणमा योगदान पुर्याउने गरी जोनमा समावेस गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्दि गर्नु , जोन क्षेत्रमा कृषि यान्त्रिकरण , कृषि पूर्वाधार विकास एवंम व्यावसायिकरण प्रर्वधन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिल तयार गर्ने जस्ता व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संञ्चालनका उदेश्यहरु रहने छन् ।

कार्यक्रम अवधिमा सम्भाव्यताका आधारमा जोनहरुको संख्या न्यूनतम ३०० पुर्याइनेछ । सम्बन्धित संञ्चालक समितिको सहमति तथा सम्बन्धित परियोजना कार्यन्वयन ईकाइको सिफारिशमा कार्यक्रम व्यवस्थापन इकाइले आपसका जोडिएका क्षेत्रहरु समेटि जोन क्षेत्र विस्तार गर्न सक्नेछ । यस कार्यक्रमबाट व्यबसायिक कृषक समुहहरु तथा सहकारीहरु,जलउपभोक्ता समितिहरु, निजी कृषि उद्यमी तथा व्यबसायीहरु ( कानुन बमोजिम दर्ता भएका कम्पनीहरु) लाभान्वित हुनेछन् ।

जोन क्षेत्रमा रासायनिक तथा प्राङ्गरिक मल , उन्नत तथा हाइब्रिड बिउ बिजन, रसायनिक एवं जैविक विषादिहरु लगायतका उत्पादन सामग्रीहरुमा तोकिएको बमोजिम अनुदान सहयोग उपलब्ध गराइने छ । जोनमा सम्वन्धित बाली/वस्तुमा सहभागीतात्मक व्यबसायिक उत्पादन प्रविधि प्रर्दशन संचालन गरिने छ भने उत्पादन प्रविधि , बजारीकरण, मूल्य श्रृङखला विकास लगायतका विविध पक्षहरु समेटिने गरी स्थलगत तालिम कार्यक्रम संचालन गरिने छ । यान्त्रिकरण प्रर्वधनका लागी उत्पादन देखी बजारीकरण सम्म आबश्यक पर्नै सबै प्रकारका मेशीनरी औजार उपकरणको सेट सहितको सेवा उपलब्ध गराउन Custom Hiring Centre स्थापनाका लागी पुँजीगत अनुदान उपलब्ध गराइने छ । त्यस्तै,व्यवसायीकरणका लागी प्राथमिक प्रशोधन केन्द्र ,गोदाम घर , ग्रेडिङ लगायतका उत्पदानोपरान्त आवश्यक पुर्वाधारहरु रहेको एक पोष्ट हार्भेष्ट सेन्टर निर्माण गरिने छ । पुर्वाधार विकास सहयोग तर्फ लिफ्ट सिंचाई डिप तथा स्यालो टुबवेलजडान, सिंचाई कुलो मर्मत तथा सुधार, आबश्यक कृषि पुर्वाधारहरु (community seed banks, processing, grading and packaging units, marketing infrastructures, CAESC Infrastructures\Laboratories) लगायतमा सहयोग पुर्याइने छ । साथै प्राङ्गारीक मल कारखाना, टिस्युकल्चर ल्याव , हाइटेक नर्सरी लगायतका पुर्वाधार निर्माणमा सहयोग पुर्याइने छ ।

## १.८ जोन सम्भागको मुख्य विशेषताहरु

| विशेषताहरु | जोन |
|---|---|
| बालीको क्षेत्रफल हे. | कम्तिमा ५०० |
| कार्यमूलक सम्बन्ध | कृषि उपज उत्पादन, प्रविधि विस्तार र प्राथमिक प्रशोधन |
| लाभान्वित बर्ग | कृषक समुह, व्यवसायिक कृषक सहकारी, जल उपभोक्ता समितिहरु, कृषि उद्यमी, । |
| लाभान्बित हुनसक्ने वर्गहरु | आसपासका अन्य २०० जना |
| कार्यक्रमको प्रकार | वीउ, विरुवा, माछा, भुरा, मल तथा विषादी, यान्त्रीकरण, सिचाइ, सडक, विद्युत, सरकारी सहयोग, ऋण,बाली सुरक्षण नीति, सहजीकरण र क्षमता विकास |

| विशेषताहरु | जोन |
|---|---|
| निर्माण प्रकृया | जिल्लाबाट भौगोलिक सम्भाव्यताका रुपमा पहिचान भइ आएका बालीहरुको पहिलो वर्षको लागि जम्मा ३० वटा र आयोजना अवधिमा सम्भाव्यताका आधारमा ३०० वटा |
| संचालन प्रकृया | जोन व्यवस्थापन समितिबाट |
| कार्यान्वयन इकाइ | जोन कार्यान्वयन इकाइ |

## १.९ कृषि विकास रणनीति र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम बिच अन्तरसम्बन्ध

नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गरी बलियो कृषि अर्थतन्त्र तथा रोजगारी सृजना, श्रमिक र जमिनको उत्पादकत्व बृद्धि, ग्रामिण विकास, व्यापमर सन्तुलन, जलवायु परिवर्तन, उत्पादन, वितरण तथा प्रशोधन जस्ता कृषि क्षेत्रभित्रकमा जटिलताहरुको सम्बोधनबाट नेपालको कृषिक्षेत्रलाई आत्मनिर्भर, प्रतिस्पर्धी, समावेसी, दीगोपन तथा खाद्य तथा पोषण सुरक्षाको परिकल्पना कृषि विकास रणनीतिले गरेको छ। यी परिकल्पनालाई मूर्त रुप दिन एडीएसले चार रणनीतिक सम्भागहरु सुशासन, उत्पादकत्व, नाफामुलक व्यवसायीकरण र प्रतिस्पर्धी क्षमतामा बृद्धि मार्फत आधार कार्यक्रम, खास महत्वका कार्यक्रम, र अन्य कार्यक्रमहरु मृफत कार्यान्वयन गरिने तय गरिएको छ ।खास महत्वका कार्यक्रम अन्तर्गत खाद्य तथा पोषण सुरक्षा कार्यक्रम, विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रम, मूल्य श्रृङ्खा विकास कार्यक्रम र नव प्रवर्तनकारी तथा कृषि उद्यम कार्यक्रम गरी चारवटा कार्यक्रम रहेका छन् । कृषि विकास रणनीतिको रणनीतिक उद्देश्य हासिल गर्न कृषि मूल्य श्रृङ्खलाका विवध अवयवहरुको उचित संयोजन मार्फत कृषि क्षेत्रलाई प्रत्यक्ष उद्योगसंग आवद्ध गराइ कृषिको औद्योगिकरण तथा व्यवसायीकरण गर्न सहयीगी निकायका रुपमा प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको विकास गरिएको छ ।एडीएस मा परिकल्पीत कार्यक्रमहरु राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमले आत्मसात गरेको छ जुन यस प्रकार रहेको छ ।

१. खाद्य तथा पोषण सुरक्षा कार्यक्रमः पकेट, ब्लक, जोन र सुपरजोनहरुमा कृषिजन्य उत्पादन बृद्धिका कार्यक्रम सन्चालनबाट खाद्य तथा पोषण सुरक्षा सुनिश्चित पार्ने ।
२. विकेन्द्रित विज्ञान, प्रविधि र शिक्षा कार्यक्रमःकृषि स्नातक हरूलाई ईन्टर्नको रुपमा सेवा प्रदान गर्ने व्यवस्था गरि कृषि शिक्षालाई प्रत्यक्ष रुपमा कृषि प्रसारसँग जोडीएको ।
३. मूल्य श्रृङ्खा विकास कार्यक्रमः कार्यक्रमवाट पकेट, ब्लक, जोन र सपु रजोनहरुको स्थापनाबाट कृषि उपजका मूल्य श्रृङ्खा विकास गरीएको,कृषि उद्योगहरुको स्थापना, आवश्यकता अनुसार बालीहरुको मूल्य श्रृंखला विकास, स्थानीय बालीहरुको पकेट स्थापना र मूल्यश्रृंखला ।
४. नव प्रवर्तनकारी तथा कृषि उद्यम कार्यक्रमः व्यवसाय विकास सेवा केन्द्रहरुको स्थापना, साना तथा मझौला व्यवसायहरुको स्थापना, लक्षित वर्गको लागि अनुदान, नया प्रविधिकोआयात ।
५. विकेन्द्रित शिक्षा, विज्ञान प्रविधि तथा प्रसार कार्यक्रमःब्लक, जोन र सुपर जोनहरुमा कृषि शिक्षा, प्रसार तथा अनुसन्धान इकाईहरुको स्थापना तथा सञ्चालन।

## १.१० सौह्रो योजना र कार्यक्रम

कृषि विकास रणनीतिको सहयोगी कार्यक्रमको रुपमा कार्यान्वयनमा रहेको यस कार्यक्रमले कृषि, पशुपन्छी तथा मत्स्यजन्य उत्पादनको व्यवसायीकरण,यान्त्रिकीकरण र विविधीकरणगरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ। कार्यक्रमका चार सम्भागहरु पकेट, ब्लक, जोन र सुपरजोनको माध्यमबाट कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी देशलाई विभिन्न बाली, वस्तुहरुमा आत्मनिर्भरता तर्फ उन्मुख गराउन यस कार्यक्रम कार्यक्रमले सहयोग गर्नेछ। पन्ध्रौं योजनाले यस कार्यक्रमलाई कृषि क्षेत्रको रुपान्तरणकारी आयोजनाको रुपमा पहिचान गरेको छ।

# २. कार्यक्रम कार्यान्वयन एकाइ ओखलढुंङ्गा

## २.१ परिचय

"व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सन्चालन कार्यविधि-२०७३" अनुसार राष्ट्रिय प्राथमिकता र स्थानिय सम्भाव्यतका आधारमा सडक, सिंचाइ, विद्युत को पहुँच भएको वा हुन सक्ने, वित्तीय संस्थाहरुको पहुँच र बजारको उपलब्धता भएको तथा तोकिएको क्षेत्रफल चाक्लाबन्दी भएको र तोकीएको बालीमा न्यूनतम ५०० हे मा सञ्चालन भएको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र लाइ जोन भनिन्छ । आ.व. २०७४/७५ सालबाट सोलुखुम्बु जिल्लामा सुन्तला जोन कार्यक्रम सञ्चालनमा आएपश्चात आ.व. २०७५/७६ मा अदुवा वेसार जोन आलु जोन संचालन हुदै आएको र आ.व. २०७७/७८ मा सोलुखुम्बु जिल्लामा गाभेपछि हाल यस कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ बाट काम कार्वाहि हेर्नें गरि कार्यक्रम कार्यान्वयन एकाई ओखलढुंगामा आलु र बाख्रा जोन त्यसैगरी जोन प्राविधिक एकाई सोलुखुम्बुमा किवि/अदुवा/वेसार/स्याउ/ओखर जोन सञ्चालन हुदै आएको छ ।विभिन्न जोन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने प्रशासनिक इकाइलाई परियोना कार्यन्वयन इकाइ भनिन्छ ।प्रत्येक जोन क्षेत्रमा सूचिकृत कृषक समूह, कृषि सहकारी, कृषि उद्यमीहरुबाट छानिएका व्यक्तिको प्रतिनिधित्वबाट ३३ प्रतिशत महिला सहितको ९ सदस्यीय जोन सञ्चालक समिति गठन हुन्छ ।

## २.२ कृषकहरुको आयस्तर अभिबृद्धि गर्न जोन कार्यक्रमकाका उद्देश्यहरु

- जोनमा समावेस विशिष्टिकृत बालीहरुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
- जोन क्षेत्रमा कृषि यान्त्रीकरण,कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रबर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापनामार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने
- जोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी श्रृजना गर्ने ।
- कृषि सहकारी/कृषक समूह/कृषि उद्यमीहरुको व्यवसायिक क्षमता अभिवृद्धि गरि बजारमुखि उत्पादनमा जोड दिने।
- कृषि आधुनिकीकरण मार्फत कृषिलाई सम्मानित पेशा बनाउदै आतमनिर्भर कृषि अर्थतन्त्रको आधारशिला निर्माण गर्ने ।

## २.३. जोन कार्यालयबाट पाइने सेवा सुविधाहरुको विवरण

| सि. नं | विवरण | सहजिकरण (Facilitation) |
|---|---|---|
| १ | कृषि उत्पादन सामग्रीहरु स्रोत केन्द्र शांत केन्द्र(वीउ, वेर्ना, विरुवा, | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ८५ प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ ओखलढुंगा (कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत


## २.४ जोनहरुको संक्षिप्त परिचय

| जोन/सुपरजोन | स्थापना वर्ष | कार्यक्रम पूर्वको क्षेत्रफल(हे) | कार्यक्रम पूर्वको उत्पादकत्व (मे.टन/हे) | २०८१/८२ सम्म जोन/सुपरजोनले ढाकेको क्षेत्रफल(हे)/पशु संख्या | जोन/सुपर जोनको हालको उत्पादन(मे.टन) | हालकोउत्पादकत्व (मे.टन/हे) | कमाण्ड क्षेत्र (पालिकाको नाम, वडा आदि) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| सुन्तला | २०७३/७४ | ८३ | ६.८४ | ४९०.४ | १३४३ | २०.२ | थुलुङ दुधकोसी गा.पा२, ३, ६, ७र८ माप्या दुधकोशी गा.पा ४ र ५ सिद्धिचरण न.पा ३ र ४ , चिसंखुगढी गा.पा २र३ | सोलुखुम्बु र ओखलढुंगा |
| अदुवा/बेसार | २०७५/७६ | ९८ | | २७५.९ | ८०६० | ३१ | थुलुङ दुधकोसी गा.पा १, २, ३, ४, ५ र ९ नेचासल्यान गा.पा र सोताङ्गगा.पाका सबै वडा, चिसंखुगढी गा.पा २र३, मोलुङ्ग गा.पा वडा नं.२ | |
| किवी | २०७५/७६ | ७५ | | १६८.४ | १२७० | २१.७ | सोलु दुध कुण्ड न.पा, थुलुङ दुधकोसी गा.पा र नेचासल्यान गा.पा का सबै वडा, खुम्बु पासाङल्यामु गा.पा वडा नं.१ र माप्य दुधकोशी गा.पा वडा नं.१,२,३,४,५ र ७ | सोलुखुम्बु |
| स्याउ/ओखर | २०७८/७९ | ११ | | ३४.६ | ११८.८ | ९.६ | स्याउ जोनः- सोलु दुधकुण्ड न.पा. वडा नं.२,४,५,६,८ र ९ लिखुपिके गा.पा. वडा नं. १, र ५<br>ओखर जोनः- सोलु दुधकुण्ड न.पा वडा नं. ५ र ६ ,लिखुपिके गा.पा. वडा नं. १,३,४, र ५ थुलुङ्ग दुधकोशी गा.पा वडा नं. १,२,३,४,५,६,७,८ र ९ , माप्य दुधकोशी गा.पा वडा नं.६, नेचासल्यान गा.पा वडा नं.२,३ र ४ , सोताङ गा.पा वडा नं.१,२,३,४ र ५ | |
| बाख्रा | २०७८/७९ | ३७५६ | | १६८६० | | | मानेभन्जायङ्ग गाँउपालिका सबै वडा, सुनकोशी गाँउपालिका बाट वडा न १, २, ३ ४,६ र ८ चम्पादेवी गाउँपालिका वडा.नं.१, २,६,७,८,९ र १०, सिद्धिचरण न.पा वडा नं.१,२र३ चिसंखुगढी गा.पावडा नं.१,३,४,५,६ र ८ | ओखलढुङ्गा |
| आलु | २०७५/७६ | ७९१ | | १९१८ | ४२७१० | २७.१ | सिद्धिचरण न.पा. वडा नं. ५, ६, ७ मोलुङ गा.पा. वडा नं. ६, ७, ८ खिजीदेम्बा गा.पा.वडा नं. ६, ७, ८, ९ र चिशंखुगढी गा पा ७ सोलु दुधकुण्ड न.पा ८,९,१० र ११ | ओखलढुङ्गा र सोलुखुम्बु |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ ओखलढुंगा

हेर बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

## २.५ आ.व.०८२/०८३ सम्म सुचिकृत लाभग्राहीहरुको विवरण




आलु जोनः- सहकारी – १८, समूह – ११४, उद्यमी-४७, जम्मा-१७९

किवी जोनः- सहकारी – १, समूह – ३६, उद्यमी-२५९, जम्मा-२९६

स्याउ/ओखर जोनः- सहकारी – ३, समूह – २२, उद्यमी-६१, जम्मा-८६

बाखाः- सहकारी – ५, समूह – ३१, उद्यमी-१६९, जम्मा-२०५

अदुवा/वेसारः- सहकारी – २, समूह – ४९, उद्यमी-८५, जम्मा-१३६

सुन्तलाः- सहकारी – २, समूह – ३, उद्यमी-२२, जम्मा-२७

## २.६ कार्यक्रम कार्यान्वयन एकाइको दरबन्दी विवरण

| कार्यक्रम कार्यान्वयन एकाइ, ओखलढुंगा | | |
|---|---|---|
| वरिष्ठ कृषि अधिकृत रा.प.द्वि (प्रा.) कृषि सेवा-१ | | |
| प्राविधिक एकाइ सोलुखुम्बु | प्रविधि विस्तार शाखा ओखलढुङ्गा | आर्थिक प्रशासन शाखा |
| कृषि अधिकृत (रा.प.तृ. प्रा.) कृषि सेवा-१ | कृषि अधिकृत (रा.प.तृ. प्रा.) कृषि सेवा-१ | लेखापाल (रा.प.अनं. प्र.)-१ |
| नायब प्राविधिक सहायक (रा.प.अनं द्वि)-६ | पशु विकास अधिकृत (रा.प.तृ. प्रा.) कृषि सेवा-१ करार | नायब सुब्बा (रा.प.अनं.प्र.)-१<br>हलुका सवारी चालक-१<br>करार |
| कार्यालय सहयोगी सेवा करार- १ | नायब प्राविधिक सहायक (रा.प.अनं द्वि)-४ | कार्यालय सहयोगी – ३ सेवा करार |

## २.७. हाल कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारीको नाम | पद | स्थानीय ठेगाना | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १ | हेम बहादुर आलेमगर | कृषि अधिकृत | सिद्धिचरण न.पा-१, ओखलढुंगा | Isc. Ag. |
| २ | अनिष श्रेष्ठ | कृषि इन्जिनियर | गौरीगन्ज-६, झापा | Agri engineer in bachelor |
| ३ | रमिता माझी | नायब सुब्बा | बराहक्षेत्र न.पा.११,सुनसरी | Master in M.P.A |
| ४ | एवीन बास्तोला | लेखापाल | चिसंखुगढी गा.पा.१,ओखलढुंगा | Bachelor |
| ५ | सरिता दाहाल | ना.प्रा.स | सिद्धिचरण न.पा-४,ओखलढुंगा | Isc. Ag. |
| ६ | लीला कुमार श्रेष्ठ | ना.प्रा.स | चिसंखुगढी गा.पा-२,ओखलढुंगा | Isc.Ag |
| ७ | संजय बस्नेत | ना.प्रा.स | सोलु.दु.न.पा-११,सोलुखुम्बु | Isc.Ag |
| ८ | कविता मगर | ना.प्रा.स | सोलु दु.न.पा-११,सोलुखुम्बु | Isc.Ag |
| ९ | निलम गुरुङ्ग | ना.प्रा.स | सिद्धिचरण न.पा-३,ओखलढुंगा | Isc.Ag |
| १० | योगेन्द्र श्रेष्ठ | ना.प्रा.स | अर्जुनधारा न.पा-११,झापा | Isc.Ag |
| ११ | डम्बर जि.सि | ना.प्रा.स | चिङगाड गा.पा-३,सुर्खेत | Isc.Ag |
| १२ | ललिता कुमारी मण्डल | ना.प्रा.स | भोक्राहारनरसिंह गा.पा-६,सुनसरी | Isc.Ag |
| १३ | जनक तामाङ्ग | ह.स.चा | सिद्धिचरण न.पा-८,ओखलढुंगा | SLC |
| १४ | मिन बहादुर बानिया | का.स | सिद्धिचरण न.पा-९,ओखलढुंगा | १०+२ |
| १५ | कल्पना गुरुङ्ग | का.स | सिद्धिचरण न.पा-११,ओखलढुंगा | SLC |
| १६ | सन्तोष नाछिरिङ्ग | का.स | सोताङ्ग गा.पा-५,सोलुखुम्बु | SLC |
| १७ | कृष्ण बहादुर खत्री | का.स | सिद्धिचरण न.पा.११,ओखलढुंगा | SLC |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

## ३. चौथो त्रैमासिक प्रगति विवरण

### ३.१ आ.व. २०८२/८३ को चौथो त्रैमासिक भारित प्रगति विवरण

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | चौथो त्रैमासिक भारित प्रगति प्रतिशत | | |
|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा |
| १ | कार्यक्रम कार्यान्वयन एकाइ,ओखलढुंगा | ८६.६२ | १०० | ८७.६२ |

### ३.२ आ.व. २०८२/८३ को चौथो त्रैमासिक बित्तिय प्रगति विवरण

(बजेट रु.लाखमा)

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | चौथो त्रैमासिक विनियोजन | | | चौथो त्रैमासिक खर्च | | | चौथो त्रैमासिक वित्तिय प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा |
| १ | कार्यक्रम कार्यान्वयन एकाइ,ओखलढुंगा | १६.५० | २०४.०९ | २२०.५९ | १४.२३ | २४६.७२ | २६०.९५ | ८६.२४ | १२०.८९ | ११८.३० |

### ३.३ आ.व. २०८२/८३ को बार्षिक अवधिको भारित प्रगति विवरण

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | बार्षिक अवधिको भारित प्रगति प्रगति | | |
|---|---|---|---|---|
| | | पूँजीगत | चालु | जम्मा |
| १ | कार्यक्रम कार्यान्वयन एकाइ,ओखलढुंगा | ६.५६ | ७९.५१ | ८६.०७ |

### ३.४ आ.व. २०८२/८३ को बार्षिक अवधिको बित्तिय प्रगति विवरण

(बजेट रु.लाखमा)

| क.सं. | कार्यक्रम/आयोजनाको नाम | बार्षिक अवधिको विनियोजन | | | बार्षिक अवधिको खर्च | | | बार्षिक अवधिको वित्तिय प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा | पुँजिगत | चालु | जम्मा |
| १ | कार्यक्रम कार्यान्वयन एकाइ,ओखलढुंगा | ३८.०० | ५४१.२८ | ५७९.२८ | ३५.२४ | ४२५.४३ | ४६०.६७ | ९२.७४ | ७८.६० | ७९.५२ |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाइ ओखलढुंगा (कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

## ३.५ आ.व.२०८२।०८३ को माघ देखि चैत्र महिनासम्म सम्पन्न भएको मुख्य मुख्य कार्यक्रमहरू

| क्र.स. | सञ्चालित क्रियाकलाप | एकाइ | लक्ष्य | प्रगति | खर्च बजेट (रु.लाखमा) | प्राप्त उपलब्धिहरु |
|---|---|---|---|---|---|---|
| १ | सुन्तला बाली क्षेत्रफल बिस्तार | हेक्टर | १० | ८.५७ | ७.१९ | कलमी सुन्तला विरुवा संख्या ३४३० वटा रोपण गरी थप ८.५७ हेक्टरमा सुन्तला बगैंचा क्षेत्र विस्तार भएको ।५ वर्षपछि प्रति हेक्टर ३ मे.टन उत्पादन हुने अपेक्षा गरिएको । |
| २ | अदुवा/बेसार क्षेत्रफल बिस्तार | हेक्टर | ७ | ४ | ९.२४ | थप ४ हेक्टरमा अदुवा/बेसार खेती विस्तार भएको ।प्रति हेक्टर २० मे.टन उत्पादन हुने अपेक्षा गरिएको। |
| ३ | HDP स्याउको क्षेत्रफल बिस्तार | हेक्टर | ०.५३ | ०.२० | ४.३७ | HDP स्याउ विरुवा ६८२ वटा रोपण गरी ०.२० हेक्टर क्षेत्रफलमा बगैंचा विस्तार भएको । ३ वर्षपछि प्रति हेक्टर १० मे.टन.उत्पादन हुने अपेक्षा । |
| ४ | उन्नत प्रबिधि सहित क्षेत्र बिस्तार | हेक्टर | ४ | १ | ०.२९ | थप १ हेक्टर क्षेत्रफलमा ओखर बगैंचा विस्तार भएको ।८-१० वर्ष पछी वार्षिक प्रति हेक्टर २ मे.टन ओखर उत्पादन हुने अपेक्षा गरिएको। |
| ५ | सिंचाई पुर्वाधार निर्माण तथा मर्मत संम्भार | संख्या | २८ | २८ | ३९.१६ | १४ देखि १५ हजार लि. क्षमताको आर.सि.सि.सिंचाई पोखरी २८ वटा निर्माण सम्पन्न भएको । करिब २१ हेक्टर क्षेत्रफलमा वर्षभरी सिंचाई सुविधा पुगेको ।किवी, सुन्तला, आलु लगायत बालीमा प्रति हेक्टर ०.५ मे.टन थप उत्पादनवृद्धि हुने अपेक्षा गरिएको । |
| ६ | थोपा सिंचाई प्रणालि जडान | संख्या | ३ | ३ | ३.६७ | सिंचाईको कमी/अभाव रहेको हाईडेनसिटी स्याउ बगैंचामा ३ वटा थोपासिंचाई प्रणालि जडान भएको। करिब ०.५ हेक्टर क्षेत्रफलको बगैंचामा सिंचाई सुविधा पुगेको । |
| ७ | उद्यमशिलता विकाश कार्यक्रमको लागि अनुदान | संख्या | ८ | ६ | २०.१६ | सोलु जिल्लामा ट्राउट माछापालन गर्न रेसवे निर्माण (१), तरकारी उत्पादन गर्न ६ प्लाष्टिक घर निर्माण सहित थोपा सिंचाई प्रणाली जडान (१), बाख्रापालन गर्न खोर निर्माण (१), मौरीपालन गर्न मौरी घारगोला तथा सामाग्री सहयोग(१), बंगूर पालन गर्न खोर निर्माण (१) र ओखलढुंगा जिल्लामा बाख्रापलान गर्न खोर मर्ममत तथा नश्ल सहयोग (१) गरी ६ वटा कृषि फर्म तथा उद्यमीहरुले संचालन ल्याइ नियमित रोजगारी ६ जनालाई सृजना भई लाभान्वित भएको । |

मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | चक्लाबन्दिमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग | संख्या | २ | २ | २१.९१ | थुलुङदुधकोशी गा.पा. ८, मासेपमा कफि वगैंचालाई सिंचाई गर्न १४ देखि १५ हजार लिटर क्षमताको २ वटा आर.सि.सि. सिंचाई पोखरी निर्माण भएको ।कफि विरुवा ८८७५ वटा रोपण गरी ५ हेक्टर क्षेत्रफलमा कफि बगैंचा विस्तार भएको । ३-५ वर्षपछि १.५ मे.टन. प्रति हेक्टर फ्रेस चेरी उत्पादन हुने अपेक्षा गरिएको ।माप्यदुधकोशी गा.पा. ४, काकूमा अलैंची वगैंचालाई सिंचाई गर्न २२ देखि २३ हजार लिटर क्षमताको २ वटा आर.सि.सि. सिंचाई पोखरी निर्माण, प्रति पटक १८०-१९० के.जी. क्षमताको अलैंची भट्टी १ वटा निर्माण भएको ।अलैंची विरुवा ४६२०० वटा रोपण गरी ५ हेक्टर क्षेत्रफलमा अलैंची बगैंचा विस्तार भएको । ३-४ वर्षपछि थप ०.५ मे.टन. प्रति हेक्टर अलैंची उत्पादन हुने अपेक्षा गरिएको । |
| ९ | उन्नत प्रबिधिको बाखा खोरको निर्माणको लागि अनुदान | संख्या | ३५ | ३३ | ४७.०० | प्रति खोर ३०-३५ वटा बाखापालन गर्ने क्षमताको ३३ वटा आधूनिक बाखा खोर निर्माण भएको । आधूनिक खोरमा बाखा स्वस्थ र सुरक्षित हुने हुँदा बाखापालन संख्या र उत्पादनमा उल्लेख्य वृद्धि हुने अपेक्षा गरिएको । |
| १० | लक्षित जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्दि कार्यक्रम | संख्या | १७ | २७ | ४.७८ | कृषकहरुले बोयर नश्ल ४ वटा र जमुनापारी नश्ल २३ वटा गरी जम्मा २७ वटा खरिद गरेको । स्थानीय जातको बाखासँग नश्ल सुधार हुँदा उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको । |
| ११ | आलु भण्डारण घर निर्माण | संख्या | १ | १ | १४.६१ | ८ टन क्षमताको १ वटा रष्टिक स्टोर निर्माण भएको ।बीउ आलु सुरक्षित भण्डारण र गुणस्तरीय कायम हुने अपेक्षा गरिएको |
| १२ | किवि बगैचममा थाक्रा (support system)मा सहयोग | हेक्टर | ३ | ३.९ | ४२.६१ | ३.९ हेक्टर क्षेत्रफलको किवी बगैंचामा डबल पोल सपोर्ट सिस्टम थाँक्रा निर्माण भएको ।व्यवस्थित थाँक्राबाट गुणस्तरीय किवि उत्पादन र उत्पादकत्व वृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको । |
| १३ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण सहयोग कार्यक्रम । | पटक | १ | १ | २०.७३ | विभिन्न जोन/सुपरजोनमा स-साना कुल ७६ वटा कृषि यन्त्र/उपकरण खरिदमा सहयोगबाट खेती समय तथा लागत न्यूनिकरण एवं कार्यबोझ घटाउन मद्दत पुगेको। |
| १४ | प्याकेजिङ्ग, लेवलिङ्ग तथा पोष्टहार्भेष्ट न्यूनिकरण कार्यक्रम | पटक | १ | १ | १९.२३ | किवी, सुन्तला, स्याउ भण्डारणको लागि ५ मे.टन. क्षमताको ३ वटा कुल च्याम्बर जडान तथा स्थापना भएको । करिब १२-१५ मे.टन फलफुल भण्डारण गर्न सकिने । |



हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | उत्पादनोपरान्त क्षती न्यूनिकरणमा सहयोग पुगि ३०-४०% मुल्यबृद्धी हुने अपेक्षा गरिएको। |
| १५ | कोसेली घर स्थापना तथा संचालन सहयोग | संख्या | १ | १ | ३.४८ | सोलुखुम्बु, देउसामा कोशेली घर संचालनमा ल्याएको । स्थानीय कृषि उत्पादन संकलन, विक्री वितरणमा सहजता भई कृषकहरु लाभान्वित हुने । |
| १६ | संकलन केन्द्र निर्माण | संख्या | १ | १ | ५.४७ | बाख्रा जोन क्षेत्रमा पशुपन्छी संकलन केन्द्र स्थापना । पशुपन्छी बजारीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको । |
| १७ | रैथानेवाली/जात प्रवर्द्धनका लागि बजारीकरण सहयोग | पटक | १ | १ | ४.६६ | ओखलढुंगा, लगलगेमा रैथाने बाली/वस्तु संकलन, विक्री केन्द्र स्थापना भई संचालन र रोजगारी सृजना भएको । |
| १८ | विगतका आ.व.मा निर्माण भएका कृषि पूर्वाधारहरुको प्रभावकारी सञ्चालनका लागि थप सहयोग कार्यक्रम । | संख्या | १ | १ | १.६८ | आलु जोन क्षेत्र, ठाडेमा रहेको रष्ट्रिक स्टोर मर्ममत सुधार भई वर्षाको पानी छिर्ने, पानी चुहिने समस्या समाधान भएको । |
| १९ | उच्च घनत्व स्याउमा ट्रेलसिङ्गा अनुदान | हेक्टर | ०.२२ | ०.०५ | ०.९९ | १ रोपनी क्षेत्रफलको स्याउ बगैंचामा ट्रेलसिङ प्रयोग गरी व्यवस्थित बगैंचा भएको । गुणस्तरीय फल उत्पादनमा सहयोग पुग्ने अपेक्षा गरिएको। |
| २० | Anti-hail Net अनुदानमा वितरण | पटक | १ | १ | १.०० | करिव २ रोपनी स्याउ बगैंचा क्षेत्रफलमा Anti-hail Net को प्रयोग । असिनाबाट स्याउमा पुग्ने क्षती न्यूनीकरणमा सहयोग |
| २१ | जंगली जनावारको क्षती न्यूनिकरण गर्न घेरबार कार्यक्रम | हेक्टर | १ | १ | ३.४२ | करिब २० हेक्टर क्षेत्रफलमा किवी, स्याउ, सुन्तला बगैचामा र बाख्रापालनमा काठ वा एङ्गल पोल सहित तारजाली मार्फत घेराबार निर्माण भएको । फलफूल तथा बाख्रापालनमा जंगलि जनावरबाट क्षति न्यूनिकरण हुने अपेक्षा गरिएको । |
| | कूल | | १२६.८ | १२५.७ | २७५.६६ | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

३.६ आ.व.२०८२/०८३ मा लाभान्वित जनसंख्या

| प.का.ए | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | युवा | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ५३८ | ९२८ | १४६६ | ८० | १०२१ | ३६५ | ३७८ | १४६६ |

३.७ कार्यक्रम मार्फत आ.व. २०८२/८३ मा रोजगारी सिर्जनाको अवस्था

| का.का.ए. | आंशिक रोजगारी | पूर्ण रोजगारी | जम्मा |
|---|---|---|---|
| ओखलढुंगा | ६४३५ | ७९ | ६५१४ |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

३.८ जिल्ला प्राथमिकताका बाली वस्तुहरुः-

| जिल्ला ओखलढुंगा | |
|---|---|
| प्राथमिकता क्रम | बालीको नाम |
| १ | आलु |
| २ | बाख्रा/खसी |
| ३ | बंगुर |
| ४ | तरकारी |
| ५ | सुन्तलाजात |

| जिल्ला ओखलढुंगा | |
|---|---|
| प्राथमिकता क्रम | बालीको नाम |
| १ | आलु |
| २ | किवी |
| ३ | बाख्रा/खसी |
| ४ | सुन्तलाजात |
| ५ | अदुवा बेसार |

३.९ जिल्ला प्राथमिकताका बाली वस्तुहरुको जिल्लाबाट बाहिर गएको अवस्थाः परिमाण र मूल्य समेत

| जिल्ला | प्राथमिकता क्रम | बालीको नाम | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|
| | | | निर्यात (मे.टन) | कारोबार रकम (रु.लाखमा) |
| ओखलढुंगा | १ | आलु | २५३ | १७७.१० |
| | २ | बाख्रा/खसी | १४.१६ | ११३.२८ |
| | ३ | बंगुर | ०.२५ | २.०८ |
| | ४ | तरकारी | ०.०० | ०.०० |
| | ५ | सुन्तलाजात | १०० | ६०.०० |
| सोलुखुम्बु | १ | आलु | | |
| | २ | किवी | ४५ | ६७.५० |
| | ३ | बाख्रा/खसी | ०.०० | ०.०० |
| | ४ | सुन्तलाजात | ३४३ | २७५ |
| | ५ | अदुवा बेसार | ०.० | ०.० |
| कूल | | | ७५५.६८ | ६९४.९६ |

३.१० जोन तथा सुपरजोन अन्तरगतका बाली बस्तुको उत्पादकत्वको अवस्था
(क्रप कटिङको आधारमा)

| क्र.सं. | बालीको नाम | उत्पादकत्व (मे.टन) | राष्ट्रिय उत्पादकत्व (मे.टन) आ.व. २०८०/०८१ | कैफियत |
|---|---|---|---|---|
| १ | आलु | १९.९८ | १६.६५ | ३.३३ |
| २ | किवी | ११.६३ | ९.१७ | २.४६ |
| ३ | स्याउ | ९.६ | ८.६७ | ०.९३ |
| ४ | ओखर | ०.०० | ४.७४ | उत्पादन शुरु नभएको |
| ५ | अदुवा | ०.०० | १२.८९ | |
| ६ | वेसार | १८.४८ | १०.२ | |
| ७ | सुन्तला | १८.४८ | ९.६२ | ८.८६ |

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

## ४. सूचना अधिकारी र प्रमुखको नाम र पद

क) कार्यालय प्रमुख हेम बहादुर आलेमगर

ख) सूचना अधिकारी श्री सरिता दाहाल

## ५. कार्यालय सम्बन्धी सुचना सम्प्रेशण

यस कार्यालयको कार्यक्रम सम्बन्धी सूचना यस कृषक प्रतिनिधिहरूलाई BULK SMS र टेलिफोन बाट जानकारी गराइएको छ। यसका साथै कार्यालयको वेबसाइटhttps://piuokhaldhunga.pmamp.gov.np/राष्ट्रिय दैनिक, स्थानीय एफ.एमहरु ,कार्यालयको फेसबुक अकाउन्टhttps://www.facebook.com/profile.php?id=१०००७३५२११८७७१६ कार्यालयको सूचना सम्बन्धित कार्यालय तथा जिल्ला स्थित सबै स्थानीय तहको Email ID मार्फत सूचनाहरू पठाएर सूचित गरिने गरिएको छ ।

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख

| सि.नं | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १ | प्राविधिक एकाइ सोलुखुम्बु | संजय बस्नेत | ना.प्रा.स | किवि जोन |
| | | सरिता दाहाल | ना.प्र.स | अदुवा/वेसार जोन |
| | | डम्बर जि.सि | ना.प्र.स | |
| | | कविता मगर | ना.प्रा.स | स्याउ/ओखर जोन |
| | | ललिता कुमारी मण्डल | ना.प्रा.स | सुन्तला जोन |
| | | योगेन्द्र श्रेष्ठ | ना.प्रा.स | |
| २ | प्राविधिक शाखा ओखलढुङ्गा | श्री सरिता दाहाल | ना.प्रा..स | बाख्रा जोन |
| | | श्री निलम गुरुङ्ग | ना.प्रा.स | आलु जोन |
| | | श्री लीला कुमार श्रेष्ठ | ना.प्रा.स | |
| ३ | प्रशासन शाखा | श्री रमिता माझी | नायब सुब्बा | |
| ४ | आर्थिक प्रशासन शाखा | श्री एबिन बास्तोला | लेखापाल | |
| ५ | इन्जिनियरिङ्ग शाखा | श्री अनिष श्रेष्ठ | कृषि इन्जिनियर | |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

दश पेजसम्मको सूचना नि: शुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५ ।– दस्तुर लाग्ने, सूचनाको प्रकृति हेरी बढीमा १५ दिनसम्मको अवधि लाग्ने ।

## ८. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

**निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया**

नागरिकले माग गरेको सूचना १५ दिनभित्र पनि सूचना अधिकारीले उपलब्ध नगराए नागरिक सूचना अधिकारी विरुद्ध उजुरी गर्न कार्यालय प्रमुख समक्ष जानुपर्नेछ । कार्यालय प्रमुख समक्ष उजुरी परेको ७ दिनभित्र कार्यालय प्रमुखले सूचना अधिकारी मार्फत वा आफैं नागरिकलाई सूचना उपलब्ध गराउनुपर्छ । ७ दिनभित्र कार्यालय प्रमुखले पनि नागरिकलाई



हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत

सूचना उपलब्ध नगराए नागरिकले त्यसको ३५ दिनभित्र सूचना अधिकारी र कार्यालय प्रमुख विरुद्ध राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सक्नेछन् ।

## ९. सार्वजनिक निकायको वेवसाइटः

यस कार्यक्रम कार्यान्वयन एकाइको वेबसाइट https://piuokhaldhunga.pmamp.gov.np/
प्रस्तुत विवरण कार्यालयको बेबसाइट https://piuokhaldhunga.pmamp.gov.np/ मा हेर्न सकिने छ ।
फोन नं ९८५२८४१७११, ९८५२८२८०३०, ०३७५२०७११
इमेल: **pmamp.piu.ok@gmail.com**

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
ओखलढुंगा
(कार्यक्षेत्र:- ओखलढुंगा र सोलुखुम्बु)

हेम बहादुर आले मगर
निमित्त वरिष्ठ कृषि अधिकृत